# लिलाम बिक्री सम्बन्धी ७ दिने सार्वजनिक सूचना

**प्रकाशित मिति : २०८१/०४/०९ गते**

यस महालक्ष्मी विकास बैंक लि. को तपसिलमा उल्लेखित शाखाहरुबाट तपाईं ऋणीहरुले आफ्नो व्यवसायिक/व्यक्तिगत कार्यको लागि प्राप्त गरेको ऋण कर्जा तथा बैंकिङ्ग सुविधाहरुको बैंकलाई समय समयमा तिर्नु बुझाउनु पर्ने साँवा, ब्याज समेत चुक्ता भुक्तान गर्न पटक पटक लिखित एवं मौखिक रुपमा सूचना गरी तर-ताकेता गर्दा समेत ऋण कर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई वेवास्ता गरेकोले ऋण कर्जा चुक्ता भुक्तान गर्न मिति २०८०/०१/३१,२०८०/०२/०३ र २०७९/१०/१७ गते नयाँ पत्रिका, अन्नपूर्ण पोस्ट् र नागरिक राष्ट्रिय दैनिक पत्रिकामा ऋण कर्जा चुक्ता भुक्तान गर्ने बारेको ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको र मिति २०८१/०१/२६, २०८१/०१/२६ र २०८१/०१/२६ गते अन्नपुर्ण पोस्ट् राष्ट्रीय दैनिक पत्रिकामा १५ दिने लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि ऋणी, व्यक्तिगत जमानीकर्ता समेतलाई जानकारी गराउँदा समेत कर्जाको साँवा, ब्याज तथा अन्य दस्तुर चुक्ता भुक्तानी गर्ने तर्फ कुनै चासो नदेखाएकाले सुरक्षण वापत बैंकको नाममा धितोबन्धक लेखिदिएको तपसिलमा उल्लेखित चल, अचल सम्पत्ति, जग्गाहरु तथा सो जग्गामा बनेको घर टहरा पर्खाल आदि र सो समेतले चर्चेको सम्पूर्ण लिगलगापात समेत जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा लिलाम बिक्रीका लागि दोस्रो पटक यो ७ दिने लिलामी सूचना प्रकाशित गरिएको छ। यस सूचना प्रकाशित भएको मितिले ८ औं दिनमा लिलाम बिक्री कार्य गरिने भएकोले सर्वसाधारणको जानकारीको लागि लिलाम बिक्री सम्बन्धी सार्वजनिक सूचना प्रकाशित गरि गोप्य शिलबन्दी बोलपत्र (टेण्डर) समेत आव्हान गरिएको छ। ईच्छुक महानुभावहरुले गोप्य शिलवन्दी बोलपत्र मार्फत आफुले बोलकबोल गर्ने रकम सहित तपसिलमा उल्लेखित शर्त बमोजिम वोलपत्र फर्म बुझाउन समेत अनुरोध गरिन्छ। सूचना बमोजिम कसैको पनि बोलपत्र पर्न नआएमा धितो सुरक्षण रहेका सम्पत्तिहरु बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ एवं बैंकको कर्जा असुली तथा धितो गैह्र बैकिङ्ग सम्पत्ति बिक्री कार्यविधि २०६६ समेत बमोजिम पुनः लिलाम बिक्री गर्न वा बैंक आफैले सकार गरी लिन सक्ने व्होरा समेत यसै सूचना मार्फत सम्बन्धित सबैलाई जानकारी गराइएको छ।

**तपशिल**

**मनहरी शाखा**

**(१) ऋणी आईत माया प्रजा (ना.प्र.नं.११५२, जारी मिति र जिल्ला : १७/११/२०४४, मकवानपुर)**
**बाबु : राजु प्रजा पति : अकल वहादुर प्रजा**
**साबिकको ठेगाना : राक्सिराङ्ग गा.बि.स. वडा नं. ८, मकवानपुर**
**हालको ठेगाना : राक्सिराङ्ग गाउँपालिका वडा नं. ५, मकवानपुर**

**व्यक्तिगत जमानीकर्ताहरु :**
**क. अकल वहादुर प्रजा (ना.प्र.नं.३६/३१८, जारी मिति र जिल्ला : २२/१०/२०४३, मकवानपुर)**
**बाबु : बिहीराम प्रजा बाजे : ठेराम प्रजा**
**ख. आईत माया प्रजा (ना.प्र.नं.११५२, जारी मिति र जिल्ला : १७/११/२०४४, मकवानपुर)**
**बाबु : राजु प्रजा पति : अकल वहादुर प्रजा**
**साबिकको ठेगाना : राक्सिराङ्ग गा.बि.स. वडा नं. ८, मकवानपुर**
**हालको ठेगाना : राक्सिराङ्ग गाउँपालिका वडा नं. ५, मकवानपुर**
**कर्जा : कृषी कर्जा**

**धितो सुरक्षणको विवरण** : ठेराम प्रजाको नाती, बिहीराम प्रजाको छोरा, मकवानपुर जिल्ला राक्सिराङ्ग गा.बि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल राक्सिराङ्ग गाउँपालिका वडा नं. ५, मकवानपुर बस्ने ना.प्र.प.नं. ३६/३१८, जारी मिति २२/१०/२०४३ जि.प्र.का. मकवानपुर भएको वर्ष ६४ को अकल वहादुर प्रजाको नाममा मालपोत कार्यालय हेटौडा, मकवानपुरमा दर्ता रहेको मकवानपुर जिल्ला, राक्सिराङ्ग गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. १०२५ क्षेत्रफल ९-३-२-१ भएको जग्गा र सो जग्गामा भविष्यमा निर्माण हुने संरचना तथा सो जग्गाले चर्चेको लिगलगापात समेत।

**(२) ऋणी बम बहादुर प्रजा (ना.प्र.नं. २६/१८९९०, जारी मिति र जिल्ला : २०/०९/२०६१, मकवानपुर)**
**बाबु : ईन्द्र मान प्रजा बाजे : मनिस राम प्रजा**
**साबिकको ठेगाना : राक्सीराङ गा.बि.स. वडा नं. ९, मकवानपुर**
**हालको ठेगाना : राक्सिराङ गाउँपालिका वडा नं. ५, मकवानपुर**
**व्यक्तिगत जमानीकर्ताहरु :**
**क. बम बहादुर प्रजा (ना.प्र.नं. २६/१८९९०, जारी मिति र जिल्ला : २०/०९/२०६१, मकवानपुर)**
**बाबु : ईन्द्र मान प्रजा बाजे : मनिस राम प्रजा**
**ख. असल माया चेपाङ (प्रजा) (ना.प्र.नं.२८/२०४५८ जारी मिति र जिल्ला : ३०/११/२०६१, मकवानपुर)**
**बाबु : लाल बहादुर प्रजा पति : बम बहादुर प्रजा**
**साबिकको ठेगाना : राक्सीराङ गा.बि.स. वडा नं. ९, मकवानपुर**
**हालको ठेगाना : राक्सिराङ गाउँपालिका वडा नं. ५, मकवानपुर**

**कर्जा शिर्षक : महालक्ष्मी होम ईक्वीटी कर्जा**
**धितो सुरक्षणको विवरणः** मनिस राम प्रजाको नाती, ईन्द्र मान प्रजाको छोरा, मकवानपुर जिल्ला, राक्सीराङ गा.बि.स. वडा नं. ९, स्थायी ठेगाना भई हाल राक्सिराङ गाउँपालिका वडा नं. ५, मकवानपुर बस्ने ना.प्र.प.नं. २६/१८९९०, जारी मिति : २०/०९/२०६१ जि.प्र.का मकवानपुर भएको वर्ष ४३ को बम बहादुर प्रजाको नाममा मालपोत कार्यालय हेटौडा, मकवानपुर मा दर्ता रहेको मकवानपुर जिल्ला, राक्सिराङ गा.वि.स. वडा नं. ८ स्थित कित्ता नं. ५६३ क्षेत्रफल ६-४-१-१ भएको जग्गा र सो जग्गामा भविष्यमा निर्माण हुने संरचना तथा सो जग्गाले चर्चेको लिगलगापात समेत।

**(३)ऋणी रोशन प्रजा (ना.प्र.नं. ३९/१२७, जारी मितिः २७/११/२०५४, मकवानपुर)**
**बाजे : तगुल सिं प्रजा बाबु : तुल वहादुर प्रजा**
**ठेगाना : राक्सिराङ गाउँपालिका वडा न ५, मकवानपुर**

**व्यक्तिगत जमानीकर्ताहरु :**
**क. रोशन प्रजा (ना.प्र.नं. ३९/१२७, जारी मितिः २७/११/२०५४, मकवानपुर)**
**बाजे : तगुल सिं प्रजा बाबु : तुल वहादुर प्रजा**
**ख. सरिता चेपाङ्ग (ना.प्र.नं.३१/२१९२८, जारी मिति र जिल्ला : १४/०१/२०६२, मकवानपुर)**
**बाबु : प्रेम वहादुर प्रजा पति : रोशन प्रजा**
**ठेगाना : राक्सिराङ गाउँपालिका वडा न ५, मकवानपुर**

**कर्जा शिर्षक : कृषी कर्जा**
**धितो सुरक्षणको विवरण** : तगुल सिं प्रजाको नाती, तुल वहादुर प्रजाको छोरा, मकवानपुर जिल्ला, राक्सिराङ्ग गा.बि.स. वडा नं. ८ स्थायी ठेगाना भई हाल मकवानपुर जिल्ला राक्सिराङ्ग गाउँपालिका वडा नं. ५, बस्ने वर्ष ४४ को ना.प्र.नं. ३९/१२७, जारी मितिः २७/११/२०५४, जि.प्र.का.मकवानपुर भएको रोशन प्रजाको नाममा मालपोत कार्यालय हेटौडा, मकवानपुरमा दर्ता रहेको मकवानपुर जिल्ला, राक्सिराङ्ग गा.वि.स. वडा नं. ८ स्थित कि.नं. ४२८, ४३८ र ४२९ क्षेत्रफल ०-१०-२-२, १-०-०-० र १-१०-२-१ भएको जग्गा र सो जग्गामा भविष्यमा निर्माण हुने संरचना तथा सो जग्गाले चर्चेको लिगलगापात समेत।

**शर्तहरु :**

१. बोलपत्र सम्बन्धि शर्त बन्देज सहितको बोलपत्र यस बैंकको सम्बन्धित शाखा कार्यालयहरुबाट तोकेको शुल्क तिरी प्राप्त गर्न सकिने छ।
२. बोलपत्र साथ आफुले बोलकवोल गरेको अंकको १० प्रतिशत नगद/ बैंक ग्यारेण्टी/गुड फर पेमेण्ट चेक बैंकको खातामा धरौटी स्वरुप जम्मा गर्नु पर्नेछ।
३. बोलपत्र स्विकृत भएपछि बैंकले तोकिदिएको समय भित्र बोलकबोल गरेको बाँकी सम्पूर्ण रकम बुझाउनु पर्नेछ। अन्यथा धरौटी जफत हुनेछ।
४. दा.खा. नामसारी गर्दा सम्बन्धित निकायमा लाग्ने राजस्व लगायत सम्पूर्ण खर्च बोलकबोलदाताले नै व्योहर्नु पर्नेछ।
५. बोलपत्र बुझाउने तथा खोल्ने दिन कारणबस सार्वजनिक विदा पर्न गएमा त्यस पछिको कार्यालय खुलेको दिनमा उपरोक्त कार्य हुनेछन्।
६. यस विषयसँग अन्य जानकारी लिनु पर्ने भएमा यस बैंकको सम्बन्धित शाखा कार्यालयमा सम्पर्क गर्नु हुन अनुरोध छ।
७. कुनै कारण देखाई वा नदेखाई बोलपत्र स्विकृत/अस्विकृत वा आशिंक स्वीकृत गर्ने सम्पूर्ण अधिकार बैंकमा सुरक्षित रहने छ।
८. शर्त सहितको बोलपत्र स्वीकार गरिने छैन।
९. धरौटी स्वरुप जम्मा गरेको रकममा कुनै ब्याज प्रदान गरिने छैन र बोलपत्रको अन्तिम निर्णय भए पश्चात फिर्ता हुनेछ।

**शिलबन्दी बोलपत्र पेश गर्ने अन्तिम मिति : २०८१/४/१५ गते मंगलबार (कार्यालय समय भित्र)**
**खोलिने मिति : २०८१/४/१६ गते बुधबार दिनको २ :०० बजे**
**स्थान : महालक्ष्मी विकास बैंक लि.को शाखा कार्यालयहरुमा**

**महालक्ष्मी विकास बैंक लि.**
**Mahalaxmi Bikas Bank Ltd.**
(नेपाल राष्ट्र बैंकबाट "ख" वर्गको राष्ट्रियस्तरको इजाजत प्राप्त संस्था)

**केन्द्रीय कार्यालय** दरबारमार्ग, काठमाण्डौ
फोन नं. ०१-५३६९१५३, ५३६८७९६

**कर्जा असुली विभाग** दरबारमार्ग, काठमाण्डौ
फोन नं. ०१-५९१९२१९/५९११५१९/२०

सबल बैंक, सफल सहकार्य

www.mahalaxmibank.com